# हुप्सेकोट गाउँपालिका

गाउँसभामा प्रस्तुत

आर्थिक वर्ष २०७४/०७५

# नीति तथा कार्यक्रम

## गाउँ कार्यपालिकाको कार्यालय

**झ्यालबास, नवलपरासी**

७ श्रावण २०७४

हुप्सेकोट गाउँपालिकाको गाउँ सभामा प्रस्तुत नीति तथा कार्यक्रम :

गाउँसभाका आदरणीय सदस्यहरु :

नेपालको ऐतिहासिक राजनीतिक परिवर्तन पश्चात स्थानीय तहमा जनताको अधिकार स्थापित गर्नको लागि गाउको विकासको समग्र योजना निर्माण तथा कार्यान्वयन आफ्नै प्रतिनिधी मार्फत गर्ने गराउने शुभ अवसरको रुपमा स्थानीय तहको निर्वाचन २०७४ भए पश्चात गठन भएको हुप्सेकोट गाउपालिकाको प्रथम गाउँ सभामा स्थानीय जनताहरुका आवश्यकता सुहाउँदो आ.व. २०७४/०७५ को वार्षिक नीति तथा वजेट कार्यक्रम प्रस्तुत गर्ने यस सभामा उपस्थित सभासद् तथा सम्पूर्ण महानुभावहरुलाई हार्दिक स्वागत गर्न चाहन्छु ।

लोकतान्त्रिक जनआन्दोलन तथा लोकतान्त्रिक गणतन्त्र स्थापनाका क्रममा सहादत प्राप्त गर्नुहुने शहीदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

२०७४ वैशाख ३१ मा सम्पन्न स्थानीय तहको निर्वाचनले संविधान कार्यान्वयन, संघीयताको जग बसाउने तथा नागरिक अधिकार, आवश्यकता र अपेक्षा प्रत्याभूतीका पक्षमा महत्वपुर्ण मार्गनिर्देश गरेको छ । साथै आर्थिक समृद्धि र लोकतन्त्रको जग वलियो बनाउने आधार बलियो भएको छ । उक्त निर्वाचन प्रकृयामा प्रत्यक्ष, अप्रत्यक्ष रुपमा सहभागी हुनुहुने संपुर्ण नागरिक, राजनीतिक दलहरु, सुरक्षाकर्मीहरु र कर्मचारीहरुमा हार्दिक कृतज्ञता एवं धन्यवाद ज्ञापन गर्दछु। निर्वाचन भन्दा पहिले लामो समय देखी जनप्रतिनिधि विहिन साविक स्थानीय निकायहरुमा रहि सार्वजनिक सेवा प्रवाह गर्नुहुने कर्मचारीहरुलाई पनि धन्यवाद दिन चाहन्छु ।

नेपालको संविधान कार्यान्वयनको चरणमा राज्य पुन संरचना संगै देशको पूर्व पश्चिम पहाड तराई भित्री मधेश मा रहेको मध्ये भूभाग पूर्व पश्चिम राजमार्गको मध्यविन्दुभागको उत्तरपट्टिको क्षेत्रमा रहेको साविक धौवादी, हुप्सेकोट र देउराली गाविसको समायोजन भई हुप्सेकोट गाउँपालिका नामाकरण भएपश्चात ६ वटा वडामा विभाजित यस गाउँपालिमा नेपालकै ठूलो फलाम खानी भएको र प्राकृतिक श्रोत साधन तथा पर्यटकीय सम्भावना भएको यस गाउँपालिकाको समग्र क्षेत्रको विकासको लागि नेपाल सरकारवाट प्राप्त निर्देशन कार्यविधि तथा नियमहरु , राजश्व परामर्श तथा

विभिन्न विषयगत समिति, वजेट तथा कार्यक्रम योजना तर्जुमा समिति गाउँ कार्यपालिका अन्य सदस्यहरुको सल्लाह सुझाव, बुद्धिजीवि एवं समाजका लब्ध प्रतिष्ठित व्यक्तिहरुको सल्लाह सुझावको आधारमा आ.व. ०७४/०७५ को लागि तयार गरिएको नीति , वजेट तथा कार्यक्रम यस हुप्सेकोट गाउँपालिकाको प्रथम गाउँ सभा समक्ष प्रस्तुत गर्न पाउदा हर्ष विभोर भएको छु ।

**हुप्सेकोट गाउँपालिकाको परिकल्पना :**

"हाम्रो हुप्सेकोट सभ्य, समुन्नत पूर्वाधारयुक्त, समृद्ध, राम्रो हुप्सेकोट"

हुप्सेकोट गाउँपालिकालाई आर्थिक, कृषि, उद्योग, व्यापार, सामाजिक र सांस्कृतिक रुपमा आत्मनिर्भर बनाउदै समृद्ध, स्वच्छ, सफा, हराभरा, सभ्य, विकसित, आधुनिक, नमुना गाउँ निर्माण तर्फ केन्द्रित भई आगामी नीति, योजना र कार्यक्रमहरु संचालित हुनेछन् ।

आत्मनिर्भर गाउँपालिका निर्माणको लागी गाउँपालिकाको आन्तरिक आय बढाउँदै समतामुलक समाजको विकास गरिने छ ।

हुप्सेकोट गुरुयोजना तर्जुमा गर्न र आवधिक योजनाको निर्माण गर्न आवश्यक बजेट विनियोजन गरि विज्ञहरु बाट गुरुयोजनाको मस्यौदा प्राप्त गरी लागु गरिने छ ।

**आदरणीय सभाका सदस्यज्यूहरु,**

आजको यस गाउँ सभामा आर्थिक वर्ष ०७४/०७५ मा लिइएका नीति तथा कार्यक्रमहरु यस प्रकार रहेका छन् :

**१. आन्तरिक श्रोत परिचालन र विकास :**

क) यस हुप्सेकोट गाउँपालिकाको आन्तरिक श्रोतको रुपमा विभिन्न सिफारिस वापत लिइने दस्तुरहरु रहनेछन् ।

ख) उद्योगधन्दा, ब्यापार, ब्यावसाय , दर्ता नविकरण , मालपोत तथा नक्सा पास बापतको दस्तुर, रजिष्ट्रेशन पारित गर्दा, वाटो सिफारिसवाट आउने दस्तुरहरु ।

ग) मोही लगतकट्टा , बाटो लगत कट्टा, घर कायम , जग्गा श्रेस्ता , अद्यावधिक सिफारिस वापत लाग्ने शुल्कहरु ।

घ) यस गाउँपालिकाबाट निकासी हुने नदीजन्य प्राकृतिक श्रोत, वन पैदावार, नगदे बाली , निकासी कर वापत लाग्ने शुल्कहरु ।

ङ) हाटवजार, मेलापर्व जात्रा, खोला आदीको ठेक्का वन्दोवस्त गरेवापत लाग्ने शुल्कहरु।

च) गाउपालिका भित्रका सबै सामुदायिक वन समितिहरुले सामाजिक सेवा वापत गाउँपालिकालाई तिर्नुपर्ने शुल्कहरु ।

छ) आन्तरिक आयलाई वृद्दि गर्न सरोकारवालाहरु सँग समन्वय गरी नयाँ श्रोत र अवसरहरु को खोजी गरिने छ ।

## २. पूर्वाधार विकास :

यस गाउँपालिकाको समग्र विकास गर्न यस वर्ष **सडक विकास वर्ष**को रुपमा सञ्चालन गरिनेछ ।

क. पहाडी तथा तराई भेगका विभिन्न सडकहरुको स्तरोन्नती गरिनेछ ।

ख. झ्यालवास वसेनी रुचाङ हुदै पोखरा जोड्ने सडक निर्माणमा विशेष प्राथमिकता दिइनेछ ।

ग. गिरुवारी गरिमाचोक देखी, गैडाखोला, मोहनडाडा, हुप्सेकोट, भडारी, जगदेव, वाहुन चौतारी हुदै, पाल्पा झिरुवास जोड्ने सडकको ट्र्याक खोलिनेछ ।

घ. मध्यविन्दु देखी हुप्सेकोट २, ३ र ४ जोड्ने वाटोको स्तरोन्नती गरिनेछ ।

ङ. हुप्सेकोट नाम्जाकोट, वाघखोर, पोखरी , राम्चे , धौवादी, पाङ्ग्रे जोड्ने वाटो निर्माण गरिनेछ ।

च. गिरुवारी भूपूचोक देखी वेलवा हसौरा सम्म जोड्ने वाटो स्तरोन्नती गरिने छ ।

छ. झ्यालवास, सताकुन, नाम्जाकोट, पेलेगा दमार , बाहुन चौतारी जोड्ने सडकको स्तरोन्नती गरिनेछ ।

ज. जुकेपानी , कोइलीफेदी, बाँध थुम्की हुदै, झाँते शंखदेव जोड्ने बाटोमा ट्र्याक खोलिनेछ ।

झ. यस गाउँपालिका भित्रका बिभिन्न सडकहरुको स्तरोन्नती गर्नको लागि आवश्यक वजेटको ब्यवस्था गरिनेछ ।

ञ. विकेन्द्रिकरणको सिद्धान्त अनुरुप ग्रामिण क्षेत्रको पहुँचमा सुधार गर्ने उद्धेश्यका साथ गाउँपालिकाका सबै वडाहरु मा बाह्रै महिना यातायात सेवा उपलब्ध गराउन सडकहरु को स्तरोन्नतीका लागि प्राथमिकता दिई रकम विनियोजन गर्ने निति लिईएको छ । साथै सडकहरु को निर्माण गर्दा वातावरणीय पक्षलाई समेत मध्यनजर गरिने छ ।

**३. भौतिक संरचना निर्माण :**

क. यस गाउँपालिकाको गाउँपालिका भवन निर्माणको लागि उपयुक्त स्थानको छनौट गरि भवन निर्माणको प्रकृया थालनी गरिनेछ ।

ख. विभिन्न सरकारी कार्यालयहरुको समेत ब्यवस्थापन गरिनेछ ।

ग. गाउँपालिका भित्रका विभन्न खोलाहरुमा आवश्यक पर्ने पुल निर्माणको लागि केन्द्र सरकारसंग पहल गरिनेछ ।

**४. शिक्षाः**

**"राष्ट्र निर्माणको आधार : गुणस्तरीय शिक्षा"**

क. हुप्सेकोट गाउँपालिका भित्रका सवै सार्वजनिक विद्यालयमा गुणस्तरीय शिक्षाको प्रभावकारी व्यवस्था मिलाइनेछ ।

ख. गाउँपालिका क्षेत्र भित्रका सवै विद्यालयहरुमा सूचना तथा संचार प्रविधिलाई अनिवार्य गरिनेछ ।

ग. गाउँपालिका भित्रका जनताहरुलाई बेरोजगारी समस्या समाधान गर्न यस गाउँपालिका भित्रको एउटा विद्यालयलाई प्राविधिक शिक्षालयको रुपमा विकसित गर्न आवश्यक पहल गरिनेछ ।

घ. सरस्वती क्याम्पसको सम्बन्धन लिनको लागि आवश्यक पहल गरी शैक्षिक विकासको लागि आवश्यक ब्यवस्था मिलाइनेछ ।

ङ. धौवादी, हुप्सेकोट तथा देउरालीमा CTEVT तथा इभेन्ट परियोजना संगको समन्वयमा विभिन्न तालिमकार्यक्रमहरुको संचालन गरिनेछ ।

च. समग्र हुपसेकोटको शैक्षिक विकासको मार्गदिशा खडा गर्न एक उच्च स्तरीय शिक्षा आयोगको विकास गरिनेछ र त्यसले दिएको सुझावको आधारमा शिक्षा सम्बन्धी गुरुयोजना निर्माण गरी क्रमश कार्यान्वयन गरिनेछ ।

छ . आधारभूत तथा माध्यमिक विद्यालयहरुमा देखिएको शिक्षक, विद्यालय भवन , फर्निचर लगायतका समस्याहरु निराकरण गर्न प्रत्येक वडाहरुमा विनियोजित रकमवाट आवश्यक रकम छुट्टयाउने व्यवस्था मिलाइनेछ ।

ज. हुप्सेकोट गाउँपालिका भित्रका सवै विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपातमा दरवन्दी मिलान गरिनेछ । विद्यार्थी संख्या कम र भौगोलिक दुरीलाई हेरी विद्यालयहरु गाभ्नुपर्ने भए त्यसको पनि व्यवस्था मिलाइनेछ ।

झ. सबै विद्यालयहरुमा बालमैत्री सिकाई प्रविधिको विकास गरिनेछ ।

ञ. गाउँपालिका भित्रका सबै बालविकास केन्द्रहरुमा बालउद्यान विकास गर्ने कार्यक्रम अगाडी बढाइनेछ ।

## ५. स्वास्थ्य तथा सरसफाई :

**"सवैलाई भरपर्दो , स्तरीय र सुलभ स्वास्थ्य सेवा"**

क. गाउँपालिकाहरुको स्वास्थ्यचौकीको स्तरोन्नती गर्ने सरकारी नीति अनुसार १५ शैयाको अस्पताल निर्माणको लागि आवश्यक पूर्वाधार , श्रोत साधन जुटाउन बिशेष पहल गरिनेछ ।

ख. सुत्केरी आमा पोषिलो खाना भन्ने नारालाई कार्यान्वयन गर्न प्रसुती महिला तथा नवजात शिशुको लागि बिशेष पोषण कार्यक्रम सञ्चालन गरिनेछ ।

ग. महिला स्वंय सेविकाहरुको क्षमता विकास गरिनेछ ।

घ. मातृशिशु मृत्यू दर कम गर्न स्वास्थ्य संस्थामा मात्र प्रसुती गराउने प्रकृयालाई अनिवार्य लागुगरिनेछ ।

ङ. स्वास्थ्य सेवा विस्तार , महिला तथा दीर्घ रोगीहरुलाई निःशुल्क उपचारमा सहजीकरण गरिनेछ ।

च. प्रत्येक वडामा बिशेषज्ञ सहितको स्वास्थ्य शिविर सञ्चालन गर्न व्यवस्था मिलाइनेछ ।

छ. बर्थिङ सेन्टरलाई भौतिक पूर्वाधारयुक्त गराउँदै थप व्यवस्थित गरिनेछ ।

## ६. कृषि :

क. परम्परागत कृषि प्रणालीलाई आधुनिकीकरण तथा व्यवसायीकरण तर्फ उन्मुख गराउन पहल गरिनेछ ।

ख. कृषि तथा पशुपालन विमा नीति प्रभावकारी कार्यान्वयन गर्न पहल गरिनेछ ।

ग. गाउँपालिकाका हरेक वडाहरुमा कृषिउपज संकलन केन्द्र स्थापना गर्ने ब्यवस्था मिलाईनेछ

घ. गाउँपालिका स्तरमा कृषि प्राविधिक ब्यवस्थापनको आवश्यक पहल गरिनेछ ।

ङ. नमूना कृषि, नमूना पशुपालक प्रोत्साहन कार्यक्रम ल्याइनेछ ।

च. गाउँपालिका भित्रका खेतीयोग्य जमिनलाई ब्यवस्थित सिंचाइको ब्यवस्था गरिनेछ ।

छ. निर्वाहमुखी कृषि प्रणालीलाई व्यवसायीक कृषि प्रणाली तर्फ उम्मुख गरीने छ साथै कृषि क्षेत्रलाई प्राथमिकता दिदै आत्म निर्भर बनौं र निर्यात गरौं भन्ने नारा शुरु गरिने छ । उन्नत पशुपालन र व्यवसायीक खेतीका लागि युवाहरुलाई उत्प्रेरित गरिनेछ ।

**७. सुशासन :**

**“जनताको चाहना सुशासन, न्याय र मानव अधिकारको रक्षा”**

क. स्थानीय तहमा हुने कुनै पनि अनियमितता वा भ्रष्टाचारजन्य क्रियाकलापलाई कडाइका साथ रोकिनेछ ।

ख. भ्रष्टाचार विरुद्ध जनचेतना अभिबृद्धि गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

ग. गाउँपालिका भित्रका सवै सरकारी कार्यालय, विद्यालय तथा विभिन्न संघ संस्थाहरुका क्रियाकलापहरु पारदर्शी र जवाफदेही गराउन बेरुजु फर्स्यौट गर्न तथा विभिन्न अनियमितता अध्ययन गर्न एक सुशासन समिति गठन गरिनेछ । त्यस समितिको प्रतिबेदनलाई तुरुन्त कार्यान्वयन गरिनेछ ।

घ. स्थानीय तहमा पारदर्शीता र जवाफदेहिता सुनिश्चित गर्न हरेक सरकारी कार्यालय तथा विद्यालयहरुले भाद्र मसान्त भित्र सामाजिक परीक्षण र आश्विन मसान्त सम्म बाह्य परीक्षण गराइ परीक्षण प्रतिवेदन अनिवार्य रुपमा सार्वजनिक गर्ने ब्यवस्था मिलाईनेछ । सो कार्य नगर्ने सरकारी कार्यालय तथा संघ संस्थाहरुको अनुदान रोक्का गरिनेछ ।

ङ. हरेक सरकारी कार्यालय तथा विद्यालयहरुले गरेका निर्णयहरु सूचना पाटी तथा वेभसाइटको माध्यमबाट सार्वजनिक गर्ने व्यवस्था मिलाइनेछ ।

च. विभिन्न प्रकारका तालिमहरु को माध्यमबाट शिक्षक तथा कर्मचारीहरु को क्षमता अभिवृद्धि गर्नुका साथै शिक्षक तथा कर्मचारीहरु को मनोवल उच्च गर्न निश्चित सूचकहरु बनाई प्रोत्साहन गरिने छ ।

छ. स्थानिय स्तरमा सञ्चालित योजनाहरुको प्रभावकारी अनुगमनको व्यवस्था मिलाईनेछ । हरेक कार्यालयहरुले चार चार महिनामा सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था मिलाईनेछ ।

ज. प्रत्येक सार्वजनिक संघ, संस्था तथा सरकारी कार्यालयमा अनिवार्य रुपमा नागरिक वडापत्र राख्ने गरिनेछ ।

## ८. खानेपानी तथा सरसफाई :

क. गाउँपालिका भित्रका सवै जनताहरुलाई सफा र शुद्ध खानेपानीको वितरण गर्ने कार्यक्रमको लागि आवश्यक ब्यवस्था मिलाइनेछ ।

ख. हरेक वडाका खानेपानी समस्या समाधान गर्न खानेपानीका श्रोतहरुको खोजी गरि विभिन्न खानेपानी आयोजनाहरु सञ्चालन गरिनेछ ।

ग. धौवादी , जुगेपानी , कोलिया मा डिप वोरिङको व्यवस्था मिलाउन आवश्यक पहल गरिनेछ ।

## ९. बिद्युत :

**“उज्यालो हुप्सेकोट”**

क. उज्यालो हुप्सेकोट अभियान अन्तरगत हुप्सेकोट गाउपालिका भित्रका सबै जनताहरुलाई विद्युतीकरणको ब्यवस्था मिलाइनेछ ।

ख. लघुजलविद्युत आयोजना विकास र विस्ताको लागि आवश्यक पहल गरिनेछ ।

ग. धौवादीमा सञ्चालित वायु उर्जाको क्षमता प्रवर्धन गर्ने कार्यक्रम अगाडि वढाइनेछ ।

घ. सौर्य उर्जा कार्उक्रमको माध्याबाट उज्यालो हुप्सेकोट अभियानलाई सफल बनाउने व्यवस्था गरिनेछ ।

## १०. सूचना सञ्चार तथा प्रविधि :

क. हुप्सेकोट गाउँपालिकाबाट प्रबाह हुने सवै सेवा सुविधाहरु सूचना पाटी, बुलेटिन र वेभसाइटको माध्यमबाट प्रवाह गरिनेछ ।

ख. गाउँपालिकाका सवै वस्तीहरुमा टेलिफोन सेवा सर्वसुलभ गराउनको लागि सरोकारवाला निकाय संग समन्वय गरिनेछ ।

ग. नवलपूर क्षेत्रको सञ्चारको विकासको लागि सबै पत्रकारहरुको साझा संगठनसँग मिलेर यस गाउँपालिकामा सञ्चारको विकास गर्ने व्यस्था मिलाईनेछ ।

**११. युवा तथा खेलकुद :**

क. युवाहरुको खेलकुदप्रतिको रुचीलाई ध्यानमा राखी गाउँपालिका स्तरको खेलकुद विकास समिति मार्फत खेलकुद विकासका कार्यक्रमहरु अगाडी बढाइनेछ ।

ख. गाउँपालिकामा खेलमैदान निर्माण गर्न उपयुक्त स्थानको छनोट गरीनेछ ।

ग. युवा दुर्व्यसनी न्यूनीकरण गर्न युवा स्वरोजगार तथा चेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

घ. अति विपन्न समुदायका युवाहरुलाई स्वरोजगार मूलक तालिम प्रदान गरिनेछ ।

**१२. धर्म सस्कृति तथा पर्यटन विकास :**

क. हुप्सेकोट गाउपालिकाका पहाडी वस्तीमा आर्थिक विकासको लागि होमस्टेको ब्यवस्था गरि पर्यटकीय प्रवर्धन गर्ने कार्यक्रम गरिनेछ ।

ख. मगर संग्राहलयको स्थापना र संरक्षणको लागि पहल गरिनेछ ।

ग. पदमार्गको विकास गरिनेछ ।

घ. विभिन्न धर्म , संस्कृति , भाषा भाषीहरुको संरक्षण र सम्बर्द्धन गर्नका लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

ङ. ग्रामिण पर्यटनलाई टेवा दिन रुद्रपुरगढी, दरबार थुम्का, शिरपोखरी जस्ता ऐतिहासिक एवम् पुरातात्विक सम्पदाहरु को संरक्षण, सम्वेदन र प्रवर्दन गरी पर्यटकीय गन्तव्यको रुपमा विकास गरी पर्यटकलाई आकर्षित गर्ने निती लिईने छ । यी क्षेत्रहरु को विकासका लागि केन्द्रीय निकायहरुमा ध्यान आकृष्ट गर्नको लागि पहल गरिनेछ ।

छ. विभिन्न धार्मिक संघ सस्थाहरुले कार्याक्रम सञ्चालन गर्न गाउँपालिकाको पूर्व स्वीकृत लिनुपर्नेछ ।

**१३. सामाजिक सुरक्षाः**

क. ज्येष्ठ नागरिकहरुको उच्च सम्मान गर्दै सामाजिक सूरक्षा भत्ता वितरण प्रक्रियालाई सरल र सहज बनाईनेछ ।

ख. दलित, एकल महिला , अपाङ्ग, अल्प संख्यक, सिमान्तकृत, द्वन्द पिडितहरुको जीवन स्तर उकास्न तथा उनीहरुको जीविकोपार्जनको लागि विभिन्न रोजगारमूलक तालिम तथा संरक्षणका कार्यक्रमहरु संञ्चालन गरिनेछ ।

**१४. वन तथा वातावरण :**

क. गाउँपालिका भित्रका वनहरुको उचित सरक्षण र सम्बर्द्धनको ब्यवस्था मिलाइनेछ ।

ख. वन पैदावरमा आधारित विभिन्न उद्योग तथा वन जन्य वस्तुहरुको निर्यात गर्दा वातावरणीय प्रभाव मूल्याङ्कन गरी निर्यात गर्ने व्यवस्था मिलाइनेछ ।

**१५. प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापनः**

क. प्राकृतिक प्रकोपद्वारा हुने क्षती न्यूनीकरणको लागि आवश्यक योजना बनाई कार्यान्वयनमा ल्याइनेछ ।

ख. सुरक्षित बस्ती विकास तथा भवन संहिता अनुसारको भवन निर्माणको संहिता निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ ।

**१६.** गाउँपालिकाका विभिन्न क्षेत्रमा उल्लेख्य योगदान पुर्याउने संघ संस्था तथा व्यक्तिहरु लाई पुरस्कृत र सम्मान गरिने छ ।

**१७.** विषयगत कार्यालयहरु बाट कार्यन्वयन गरिने योजनाहरु तथा केन्द्रीय स्तरबाट कार्यन्वयन गरिने योजनाहरु छनौट गर्ने कार्यमा सहभागिता मुलक र समावेशी योजना पद्दतीलाई पुर्ण पालना गर्न गराउन आवश्यक पहल गरिने छ । गाउँपालिकाबाट सम्भव नहुने ठुला योजनाहरु को लागि केन्द्रिय स्तर र दातृ संस्थाहरु को लगानी एवम् सहयोगको लागि तत् तत् निकायमा अनुरोध गरिने छ ।

**१८. भू व्यवस्थापन**

क. गाउँपालिकाको जग्गा व्यवस्थापनको लागि भू उपयोग नीति निर्माण गरि कार्यान्वयनमा ल्याईनेछ ।

ख. अव्यवस्थित बसोवास, सुकुम्वासीहरुको व्यवस्थापनको लागि व्यस्थित वसोवास समितिको माध्यमबाट गर्ने आवश्यक व्यवस्था मिलाईनेछ ।

## १९. न्याय

गरिब तथा विपन्न वर्गका जनताहरुमा न्यायको पहुच पुऱ्याउन कानुनी साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ ।

## २०. सूरक्षा

क. गाउँपालिकाका सबै जनताहरुलाई  सूरक्षाको प्रत्याभूती दिलाईनेछ ।

ख. केन्द्रमा इलाका प्रहरी कार्यालय स्थापपना गर्न पहल गरिनेछ ।

अन्त्यमा यस हुप्सेकोट गाउपालिकाको आ.व. ०७४/०७५ को प्रस्तुत नीति तथा कार्यक्रम सफल  कार्यान्वयनको लागि सम्पूर्ण गाउँसभाका सदस्यहरु , गाउ कार्यपालिकाका सदस्यहरु , राजनैतिक दल , नागरिक समाज, विभिन्न संघ संस्थाहरु , बुद्धिजीविहरु , शिक्षक कर्मचारीहरु, सम्पूर्ण सञ्चारकर्मी मित्रहरु, सुरक्षाकर्मीहरुको महत्वपूर्ण भूमिका रहने भएकोले सहयोग तथा समन्वयको अपेक्षा राख्दै पुनः यस सभाका सदस्यहरु एवं उपस्थित सम्पूर्ण महानुभावहरुमा कृतज्ञा ब्यक्त गर्दछु ।

धन्यवाद ।